प्रदेश सरकार
प्रदेश नं ३
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र,काभ्रेपलाञ्चोक**
फोन.नं: ०११ -४९०२०१, ४९०५८९
इमेल:dadokavre@gmail.com

प. स :२०७५/७६
च.न : २२१

मिती २०७६/०५/१७

श्री स्थानीय तह सबै
(काभ्रे र सिन्धुपाल्चोक)

विषयः माग सङ्कलनमा सहजीकरण संबन्धमा।

प्रस्तुत विषयमा कृषि विकास निर्देशनालय प्रदेश नं. ३, मकवानपुर हेटौंडाको मिति २०७६/०५/०४ च.नं. ११३ को पत्रानुसार तहा निर्देशनालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि फर्मको लागि ठूला यन्त्र उपकरणहरुमा ५० प्रतिशत अनुदानमा उपलब्ध गराउन मिति २०७६/०५/०४ गते गोरखापत्र दैनिकमा प्रकाशित यसै साथको संलग्न सूचना र मिति २०७६/०५/१४ च.नं. १२६ को पत्रानुसार दोश्रो र तेश्रो चौमासिक अवधिमा स्थानीय तह, सहकारी तथा निजी क्षेत्रको सहकार्यमा संचालन हुने अभियानमुखी फलफूल विरुवा वृक्षारोपण कार्यक्रमको लागि सूचनामा उल्लेखित विशेषता पुरा भएका कृषक समुह, सहकारी, निजी फर्महरुलाई जानकारी उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

पुनश्चः प्रस्ताव संकलन सम्बन्धि सूचनाको कपी २ (दुई) थान र प्रस्ताव पेश गर्ने फारम यसै पत्रसाथ पठाईएको छ ।

दर्ता नं.: ९५६
दर्ता मिति: ०७६/०५/१९

.....................
डा. जनार्दन खड्का
कार्यालय प्रमुख
**डा. जनार्दन खड्का**
**कार्यालय प्रमुख**

प्रदेश सरकार
३ नं. प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

**हेटौंडा, मकवानपुर**

प.सं. २०७६/७७
च.नं. ९१३

मितिः २०७६/०५/०४

**विषयः माग संकलनमा सहजिकरण गर्ने सम्बन्धमा ।**

श्री कृषि ज्ञान केन्द्र, सिन्धुली
श्री कृषि ज्ञान केन्द्र, चितवन
श्री कृषि ज्ञान केन्द्र, नुवाकोट
श्री कृषि ज्ञान केन्द्र, धादिङ
श्री कृषि ज्ञान केन्द्र, ललितपूर
श्री कृषि ज्ञान केन्द्र, काभ्रे
श्री कृषि ज्ञान केन्द्र, रामेछाप

प्रस्तुत विषयमा, यस निर्देशनालयको स्विकृत वार्षिक कार्यक्रम अनुसार **कृषि फर्मको लागि ठूला यन्त्र उपकरणहरुमा ५०% अनुदान दिने कार्यक्रम** अन्तर्गत मिति २०७६/०५/०४ गते गोरखापत्रमा सूचना प्रकाशन भएको व्यहोरा जानकारी गराउँदै यसै पत्रसाथ संलग्न सूचना तहाँको सूचना पाटीमा टाँस गरि सूचनामा उल्लेखित विशेषता (Criteria) पूरा भऐका कृषक समूह/सहकारी/नीजि फार्महरु पहिचान तथा निवेदनहरु संकलन गरेर यथाशक्य छिटो निर्देशनालयमा आइपुग्ने गरि पठाउनुहुन अनुरोध छ ।

श्री पुजन जी
सबै स्थानीय तहहरुलाई सूचना पाटीमा टाँस गर्नु जानकारी गराउन
२०७६/५/१६

रविन्द्र बहादुर प्रधान
प्रमुख
प्रमुख

बोधार्थः
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.३, हेटौंडा ।

प्रदेश सरकार

३ नं. प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

हेटौंडा, मकवानपुर

## कृषि यान्त्रीकरणमा अनुदान कार्यक्रम अन्तर्गत कृषक समूह/सहकारी/नीजि फार्मको लागि माग संकलनको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७६/०५/०४**

यस निर्देशनालयको आ.व.२०७६/०७७ को स्विकृत कार्यक्रम अनुसार यस प्रदेशका कृषकहरुलाई कृषि यन्त्र उपकरणमा ५०% अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकाले कृषि यान्त्रीकरण प्रवर्धन सम्वन्धी दोश्रो संशोधित कार्यविधि अनुसार कृषि यन्त्र उपकरणहरु फोर ह्वील ट्याक्टर (अधिकतम ६० एच.पि.), ढुवानी ट्रक, कम्वाईण्ड हार्भेष्टर, सिंगल क्याप पिकअप र लेजर ल्याण्ड लेभेलर (खाडल खन्ने मेशिन) लिन ईच्छुक कृषक समूह/सहकारी/नीजि फार्मको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र सन्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्रहरुमा वा निर्देशनालयमा आवेदन दिनको लागि जानकारी गराईन्छ ।

आवेदनको लागि तपसिलमा उल्लेखित विशेषता (Criteria) पुरा भएको हुनुपर्नेछ ।

१. कृषक समूह/सहकारी/नीजि फार्मले आवेदन दिन तराईमा कम्तिमा ५० बिगाहा, पहाडमा कम्तिमा ४०० रोपनी जग्गा चक्लाबन्दी वा एकिकृत रुपमा भएको हुनुपर्नेछ । लिजमा जग्गा लिएको भए (कम्तिमा १० वर्षको लागि) लिजको कागज पेश गर्नु पर्नेछ ।

नोटः

- रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।
- उक्त यन्त्रहरु अन्य प्रयोजनमा प्रयोग भएको पाईएमा मन्त्रालय/निर्देशनालय/कृषि ज्ञान केन्द्रबाट जफत गरिने छ ।

**विस्तृत जानकारीको लागि कृषि विकास निर्देशनालयको फोन नं. ०५७-५२०४६६ वा कार्यविधिको लागि भू.व्य.कृ.तथा.स.म.को वेवसाईट www.molmac.p3.gov बाट प्राप्त गर्न सकिनेछ ।**